# व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२/०५/१५)*

**<u>प्रस्तावनाः</u>** उन्नत कृषि प्रविधिको अवलम्बन मार्फत तरकारी बालीको उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्दै आत्मनिर्भरता तथा आयात प्रतिस्थापनमा टेवा पुऱ्याउने उद्देश्यले तरकारीबाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

**१. <u>प्राविधिक पक्षः</u>**

(१) यस मापदण्ड बमोजिम तरकारीबाली प्रवर्द्धन सम्बन्धी देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्:-

(क) मौसमी/बेमौसमी खेती प्रवर्द्धन/विस्तार सम्बन्धी कार्यक्रम,

(ख) खेती सम्बन्धी स्थलगत तालिम,

(ग) बाली संरक्षण सम्बन्धी कार्यक्रम,

(घ) पोष्टहार्भेष्ट क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रम,

(ङ) मूल्य अभिवृद्धि तथा बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम,

(च) थोक बजारमा किसान स्टल निर्माण तथा सञ्चालन सहयोग/कृषि उपज बजार तथा संकलन केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यक्रम,

(छ) बैमौसमी तरकारी खेती प्रवर्द्धनका लागि निर्माण भएका प्लाष्टिक घरको मर्मत संभार सम्बन्धी कार्यक्रम।

(२) कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको मापदण्ड हुनेछ।

| क.सं. | कार्यक्रमको नाम | न्यूनतम क्षेत्रफल | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| १. | तरकारीको मौसमी/बेमौसमी खेती प्रवर्द्धन/विस्तार सम्बन्धी कार्यक्रम | (क) तरकारीको हकमाः<br>**(अ) कृषि फर्म/कम्पनीः** खुला जमिनमा २ रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र १४० वर्ग मिटर क्षेत्रफल<br>**(आ) कृषक समूह/सहकारी संस्थाः** खुला जमिनमा १० रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र १००० वर्ग मिटर क्षेत्रफल | कृषि फर्म, कम्पनीमार्फत वा कम्तीमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्थामार्फत सम्बन्धित बालीको खेती गर्न उपयुक्त रहेको क्षेत्रमा कार्यक्रम सञ्चालन हुने |

| | | | |
|---|---|---|---|
| २. | तरकारी खेती सम्बन्धी स्थलगत तालिम | - | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |
| ३. | तरकारी बाली संरक्षण सम्बन्धी कार्यक्रम | - | तरकारी बालीको मुख्य उत्पादन क्षेत्रलाई प्राथमिकता दिई कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह वा कृषि सहकारी संस्थामार्फत कार्यालयले नै सञ्चालन गर्ने |
| ४. | तरकारीको पोष्टहार्भेष्ट क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रम | - | कृषि फर्म, कम्पनी, कृषक समूह, कृषि सहकारी संस्था वा बजार समिति, खुद्रा तथा थोक बिक्रेता मार्फत सञ्चालन गर्ने |
| ५. | तरकारीको मूल्य अभिवृद्धि तथा बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम | - | कृषि फर्म, कम्पनी, कृषक समूह, सहकारी संस्था वा बजार समिति मार्फत सञ्चालन हुने |
| ६ | बैमौसमी तरकारी खेती प्रवर्द्धनका लागि निर्माण भएका प्लाष्टिक घरको मर्मत संभार सम्बन्धी कार्यक्रम | **कृषि फर्म/कम्पनीः** संरक्षित संरचना भित्र १४० वर्ग मिटर क्षेत्रफल<br>**कृषक समूह/सहकारी संस्थाः** संरक्षित संरचना भित्र १००० वर्ग मिटर क्षेत्रफल | कृषि फर्म, कम्पनी, कृषक समूह, सहकारी संस्था वा बजार समिति मार्फत सञ्चालन हुने |

(३) उपदफा (२) बमोजिमका कार्यक्रममा देहाय अनुसारका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) तरकारीको मौसमी/बेमौसमी खेती प्रवर्द्धन/विस्तार सम्बन्धी कार्यक्रमबाट कार्यक्रम सञ्चालन गर्ने कार्यालयको सिफारिस बमोजिम बीउ खरिद तथा व्यवस्थापन, सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, मेसिनरी औजार तथा यन्त्र उपकरण खरिद, संरक्षित संरचना निर्माण तथा मर्मत, प्राङ्गारिक मल तथा खाद्यतत्व व्यवस्थापन, भण्डारण तथा उत्पादनोपरान्त व्यवस्थापनका लागि पूर्वाधार निर्माण र बजार प्रवर्द्धन सम्बन्धी कार्यहरू सञ्चालन गर्न सकिनेछ।

(ख) तरकारीबाली सम्बन्धी स्थलगत तालिम (वस्तुगत सेवा टेवा सहित) र तरकारीबालीमा आकस्मिक तथा अभियानमूलक बाली संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा तरकारीको मौसमी/बेमौसमी खेती प्रवर्द्धन/विस्तार सम्बन्धी कार्यक्रम सञ्चालन हुने स्थानलाई प्राथमिकता दिई तरकारीबालीको अन्य उत्पादन क्षेत्रमा समेत सञ्चालन गर्न सकिनेछ।

(ग) तरकारीको पोष्टहार्भेष्ट क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रमबाट तरकारीको उत्पादनोपरान्त व्यवस्थापन तथा क्षति न्यूनीकरणका लागि कृषि उपज बजारीकरणका सम्बन्धी आवश्यक सामग्री सहयोग, सचेतना वृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सकिनेछ।

(घ) तरकारीको मूल्य अभिवृद्धि तथा बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रमबाट मूल्य अभिवृद्धिको लागि पूर्वाधार निर्माण, ब्रान्डिङ, प्याकेजिङ, लेबलिङ तथा बजार प्रवर्द्धनका लागि आवश्यक सामग्री तथा प्रविधि सहयोग लगायतका कार्यहरु सञ्चालन गर्न सकिनेछ।

(ङ) थोक बजारमा किसान स्टल निर्माण तथा सञ्चालन सहयोग/ कृषि उपज बजार तथा संकलन केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यक्रमबाट सञ्चालनमा रहेका थोक बजार तथा कृषि उपज बजार/संकलन केन्द्रमा किसान स्टल निर्माण, बजार/संकलन केन्द्रको पूर्वाधार मर्मत सम्भार, वर्षा/प्रकाश/तापक्रम आदिबाट जोगाउन आवश्यक निर्माण/सुधार लगायतका कार्यहरू सञ्चालन गर्न सकिनेछ।

## २. आर्थिक पक्षः

(१) स्वीकृत बजेटको परिधिभित्र रही माथि उल्लिखित क्रियाकलाप सञ्चालनका लागि बढीमा ५०% अनुदान सहयोग उपलव्ध गराउन सकिनेछ।

(२) आवश्यकताका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रममा विनियोजित कुल बजेटको ३% नबढ्ने गरी अभिमुखीकरण कार्यक्रम तथा तालिममा खर्च गर्न सक्नेछ।

## ३. प्रस्ताव मूल्याङ्कनका आधारः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **(१)** | **खेती हुने क्षेत्रफल** | **३०** |
| (क) | न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | २० |
| (ख) | (क) बमोजिमको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा २० अङ्क प्रदान गरी प्रति २० प्रतिशत थप क्षेत्रफलका लागि १ अङ्कका दरले थप गरी अधिकतम १० अङ्कसम्म प्रदान गर्ने | १० |
| **(२)** | **अनुदानको अवस्था** | **२०** |
| (क) | पछिल्लो दुई आ.व. मा कृषि कार्यका लागि कुनै पनि अनुदान प्राप्त नगरेको | **२०** |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त नगरेको | १५ |
| (ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेको | ५ |
| **(३)** | **जग्गाको स्वामित्व** | **१०** |
| (क) | आवेदकको आफ्नो वा संस्थाको हकमा सदस्यहरुको आफ्नो स्वामित्वमा रहेको जग्गा भएको | १० |
| (ख) | जग्गा लिज करारमा लिई कार्यक्रम सञ्चालन गरिने | ८ |
| **(४)** | **जग्गाको अवस्थिति** | **१०** |

| | | |
|---|---|---|
| (क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | १० |
| | नोटः क्र.सं. (४) को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी २०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| **(५)** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **१०** |
| (क) | ३ जना वा सो भन्दा कम | ५ |
| (ख) | ३ जना भन्दा बढी रोजगारी सिर्जना हुने भएमा ५ अङ्क प्रदान गरी थप एक जनाको रोजगारी सिर्जना बापत १ अङ्कका दरले अधिकतम ५ अङ्कसम्म प्रदान गर्ने | ५ |
| **(६)** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, बजार योजना, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी २० अङ्कसम्म प्रदान गर्न सक्ने) | **२०** |
| | **जम्मा** | **१००** |

**४. निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातको अतिरिक्त देहायका कागजातहरु पेस गर्नुपर्नेछः

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि,

(ख) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा स्थायी संरचना निर्माणका लागि न्यूनतम १५ वर्षको करार सम्झौता तथा खेतीको हकमा न्यूनतम १० वर्षको करार सम्झौता प्रतिलिपि।

(२) प्रस्तावको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

**५. संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

**६. प्रचलित कानुन बमोजिम हुनेः** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**७. खारेजी र बचाउः** (१) आलु तथा तरकारीबाली प्रवर्द्धन सम्बन्धी आयोजना कार्यान्वयन मापदण्ड, २०८० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड अनुसार भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**
**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**
**<u>व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रमको प्रस्तावको ढाँचा</u>**

**क) आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदकको नाम | ठेगाना |
| कार्यक्रम सञ्चालन गर्ने स्थानको ठेगाना | प्रोपाईटर/ अध्यक्षको नाम<br>सम्पर्क नं |
| सम्पर्क व्यक्ति<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्या |

**ख) सम्बन्धित खेती /व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने आवेदकको नाम | हाल उत्पादन भईरहेको क्षेत्रफल (हेक्टर/रोपनी) | हालको उत्पादन/कारोबार (मे.टन) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (हेक्टर/रोपनी) | थप हुने उत्पादन (मे.टन) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**ग) कुल अनुमानित उत्पादन/कारोबार**

**घ) कार्यक्रम सञ्चालन गरिने जग्गाको स्वामित्व तलका मध्ये कुन हो उल्लेख गर्नुहोस्।**

१. आवेदकको स्वामित्वमा रहेको
२. लिज करार

**ङ) तपाईले पछिल्लो दुई आ.व. मा यसै प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गर्नुभएको छ?**

(अ) छ (आ) छैन

यदि अनुदान प्राप्त गर्नुभएको छ भने विवरण उल्लेख गर्नुहोस्:

| क.सं. | अनुदान प्रदान गर्ने निकाय र आर्थिक वर्ष | कार्यक्रमको नाम | प्राप्त गरेको अनुदान रकम (रू.) | प्राप्त गरेको वस्तुगत अनुदानको विवरण (बिरुवा/मेसिनरी औजार, सामाग्री आदि) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

च) सिँचाइ व्यवस्थापन कसरी गर्नुहुन्छ?

छ) रोजगारी सिर्जनाः

ज) खेती गरिने बालीको जातः

| क्र.सं. | बाली जात | आवश्यक पर्ने बीउको परिमाण |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

झ) माग गरिएको मेसिनरी औजार तथा उपकरण

| नाम | स्पेसिफिकेशन | माग संख्या |
|---|---|---|
| | | |
| | | |

ञ) क्रियाकलाप विवरण

| क्र.सं. | सञ्चालन हुने क्रियाकलाप | एकाई | दर | संख्या | कुल लागत | कार्यालयको अनुदान | आवेदकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

ट) व्यावसायिक योजना सम्बन्धी प्रस्तावः

- उत्पादन योजनाः
- प्रशोधन योजना तथा बजार योजनाः
- नवीनतम सोचः
- मूल्य अभिवृद्धि सम्वन्धी योजनाः
- दिगोपनाः

(कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्रस्तावको ढाँचामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।)